नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

# सूचना तथा प्रसारण विभाग

सञ्चारग्राम, काठमाण्डौं
(प्रशासन तथा प्रेस शाखा)

फोनः ४११२५५४
४११२७१७
फ्याक्सः ४११२६५२
ईमेल:pressdoi8@gmail.com

प.सं.: २०७७/०७८
च.नं.: 980

मितिः२०७७।०५।०३

श्री सम्पादकज्यू,
वर्गीकरणमा परेका सबै पत्रपत्रिकाहरु ।

विषयः विज्ञापनको नमूना पठाइएको सम्बन्धमा ।

नेपाल सरकारले वर्गीकरणमा परेका पत्रपित्रकाहरुलाई लोककल्याणकारी विज्ञापन उपलब्ध गराउँदै आएको व्यहोरा अवगत नै छ । यसै सिलसिलामा सञ्चार तथा सूचना प्रविधि मन्त्रलयको प.सं. ०७७/७८, च.नं. प्रेस-२२/४७, मिति २०७७।०४।२७ को पत्रानुसार जनस्वास्थ्य र सुरक्षा मापदण्ड अनुसार प्रोटोकलको महत्व र आवश्यकता समेतलाई प्रवर्द्धन गर्न सघाउ पुऱ्याउने गरी सन्देश मूलक सूचनालाई लोककल्याणकारी विज्ञापनको रुपमा प्रकाशन प्रसारणको लागि अनुरोध भई आएको हुँदा सो सम्बन्धी देहायका सचेतना मूलक सन्देशहरु प्रचार/प्रसारको लागि सम्पूर्ण वर्गीकृत पत्रपत्रिकारुले तुरुन्त प्रकाशन गर्ने व्यवस्था गर्नु हुन मिति २०७७।०५।०३ को निर्णय अनुसार अनुरोध छ।

> कोभिड -१९ को सङ्क्रमण फैलन नदिन सम्पूर्ण उद्योग, व्यापारिक एवं व्यावसायिक फर्म, डिपार्टमेन्टल स्टोर, बिक्री केन्द्र एवं पसलहरुले वस्तु तथा सेवाको उत्पादन, प्रशोधन, ढुवानी तथा बिक्री वितरण लगायतका कार्यहरु गर्दा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले स्वीकृत गरेको **कोभिड -१९ महामारीको समयमा उद्योग, वाणिज्य तथा आपूर्ति क्षेत्रले अपनाउनुपर्ने सुरक्षा मापदण्ड** (Protocal) अनिवार्य पालना गरौं ।
>
> नेपाल सरकार
> सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
> **सूचना तथा प्रसारण विभाग**

केशव राज शर्मा
शाखा अधिकृत

बोधार्थः
श्री सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री सातै प्रदेश मुकाममा रहेका हुलाक सेवा निर्देशनालय/कार्यालयहरु ।